# सुनसरी जिल्ला र आदिवासी मगरहरू :-

## भू-बनोटः-

हरिया सालको रूखहरूले पूर्वदेखि पश्चिमसम्म फैलिएको चारकोसे झाडी नेपालको ठूलो जंगल यसै जिल्लामा पर्छ। महाभारत डाडा र केहि मात्रामा पहाडी इलाका र समथर मैदानी भागमा सुनसरी जिल्ला पर्दछ। यस जिल्लाको मध्यभागबाट सुनसरी नदि बगेको हुनाले सो नदिकै नामाकरणबाट सुनसरी जिल्ला रहनगएको हो। सुनसरी नदिको शिर चारकोसे झाडीबाट शुरू भई दक्षिणी भेग कोशी नदिमा समिश्रण हुन पुग्दछ। पूर्वमा मोरङ्ग, पश्चिममा सप्तरी, उदयपुर उत्तरमा धनकुटा जिल्ला र दक्षिणमा भारतको सिमाना रहेको छ। यस जिल्लाले भारतीय सिमानासंग सम्बन्ध गाँस्न पुगेकोछ। मानचित्रमा हेर्दा लामो कछुवा आकार जस्तो लाग्ने सुनसरी जिल्लामा प्रसिद्ध मगर, बुढासुब्बा मन्दिर रहेको छ।

## मगर भाषामा भौगोलिक नामाकरणः-

१९८६/ ८७ सालमा श्री ३ भीमशम्सेरको पालामा मौजाको झोडा फडानी हुकूमी भएपछि पाँचकन्या, पानमारा र अन्य पूर्वी मगरहरू आई जङ्गल फडानी गरेर बसोबास गर्दै आएदेखि सुनसरी जिल्लाको इनरूवा न.पा.-७ लाई मगर टोल नामाकरण गरेपछि हालसम्म सोही नामले प्रख्यात छ। २०४८ सालमा धरान बाँझगरा स्थित लाङ्घाली चोकको नामाकरण गरिएको छ।

## भौगोलिक अवस्थितिः-

यस जिल्लालाई पचासवटा गा.बि.स., दुइवटा नगरपालिका अनि पन्ध्र इलाका क्षेत्रमा बिभाजित गरिएको छ। राजनैतिक बिभागिकरण अनुसार २०४८ सालमा निर्वाचन आयोगले चारवटा क्षेत्र बनाएको थियो भने हाल मध्यावधी चुनावले गर्दा २०५१ मा पाँचवटा क्षेत्र निर्धारण गरिएको छ। सदरमुकाम चाहीं पूर्व पश्चिम राजमार्गको छेउ इनरूवामा रहेको छ। यातायातको सुविधाले गर्दा पूर्वपश्चिम, उत्तरदक्षिणका जनताहरूलाई सदरमुकाम आईपुग्न कुनै असुबिस्ता पर्दैन। यस जिल्लाको क्षेत्रफल ५२६ बर्गमाइल तथा १२६१ बर्ग किलोमिटर रहेकोछ। भौगोलिक सिमा ८७.५ देखि ८७.२१ पूर्व देशान्तर २६. २५ देखि २६. ५५ उत्तर अक्षांश भित्र पर्दछ। जनसंख्याको आधारमा




सरकारी आंकडा अनुसार २०३८ सालमा कूल जनसंख्या ३४४५९४ मा पुरुषको १७८३५५, महिलाको १६६२२९ रहेको छभने मगरहरूको संख्या १३३४(प्रतिशतमा. ०.३८) देखाएको छ। त्यस्तै २०४८ सालको जनगणना अनुसार कूल जनसंख्या ८६३४८१ मा पुरुषको २३४२१७ र महिलाको २२९२६४ रहेकोमा मगरहरूको संख्या ४०५६ (प्रतिशतमा ०.८७.) देखाएको छ। यस जिल्लामा बसोबास गर्ने जातिहरूमा थारू, मगर, राई, लिम्बू, गुरुङ, यादव, कोइरी, मुसलमान, तेली, मुसहर, डुम, गडेरी, चमार, बाहुन, क्षेत्री, दमाई, कामी, सार्की, बंगाली छन्। घनाबस्ती जातिहरूमा थारूजाति नै छन्। त्यसपछि मगर, राई, लिम्बू यादव पर्दछन्।

## मगरजातीय जनजीवनः-

यहाँका मगरहरूको आर्थिक जीविकोपार्जनको निमित्त प्रमुख पेशा कृषि नै हो। यसको अलवा ब्यापार ब्यावसाय, नोकरी आदिको रहेकोछ। हङ्गकङ्ग, ब्रुनाइ, सिंगापुर, भारत, कोरीया अरवियन देशहरूमा नोकरीको लागि जानेगरेको पाइन्छ। ७५ प्रतिशत भू.पू. सैनिकहरूको बसोबास स्थल भएतापनि घोपाक्याम्प धरानबाट पोखरा सारिएपछि Army को बसोबास संख्या क्रमशः-घट्दै गएको देखिन्छ। मगरहरू श्री ५ को सरकारको शिक्षा कार्यालय अन्तरगत निजामती सेवा, संघ, संस्था, प्रोजेक्टहरूको विशिष्ट पदमा सेवारत रहेका छन्। यस जिल्लामा साक्षरता ४३.६% (प्रतिशत)र हेकोछ, जसमध्ये महिलाहरू २८.६ प्रतिशत साक्षर छन्। क्याम्पस र विद्यालय स्तरमा अध्यापन गरिरहेका शिक्षक कर्मचारीहरूको नामावली सुनसरी जिल्ला शिक्षा कर्यसमितिको रेकर्ड अनुसार यहाँ प्रस्तुत गरिएको छः-१) प्रो श्री हङकङ राना मगर (महेन्द्रवहुमुखी क्याम्पस, धरान, वाणीज्य, सह.प्रमुख) २) प्र.अ. श्रीमती केशरी थापा मगर (ज्ञानचन्द्र मा. वि. धरान-१५) ३) नि.शि. गोपाल आले मगर (भगवती मा.वी., इनरूवा) ४) प्रा.शि. एमबहादुर मगर (नि.मा.वि. चौकीवारी) ५) प्रा. शि. सुनिल थापा मगर (नि. मा. वि. चौकीबारी), ६) प्रा. शि. हिमाल थापा मगर (सुनसरी प्रा.वि. इनरूवा) ७) प्रा. शि. गोपालबहदुर मगर (ज्योती प्रा.वि., इटहरी-८) प्रा. शि. श्रीमती अशोका थापा मगर (सरस्वती मा.वि., बविया) ९) प्रा.शि. बेखबहादुर थापा मगर (सरस्वती मा.वि., बविया) १०) प्रा.शि. टंक आले मगर (कन्या प्रा.वि. ढोडे, पाँचकन्या) ११) प्रा. शि. दिलबहादुर थापा मगर (हर्दिया प्रा.वि. हर्दिया) १२) प्रा.शि. पदमबहादुर थापा मगर (...जागृती प्रा.वि.,लबिपुर) १३) प्रा.शि. नारायणप्रसाद राना मगर (सिंहदेवी प्रा.वि., सुमानटार) १४) प्रा.शि. जंगबहादुर थापा मगर (आदर्श मा. वि. ...क्लौरी) १५) प्रा.शि. चन्द्रमणी थापा मगर (सरस्वती मा.वि., पानबारी पाँचकन्या) १६) प्रा.शि. मनोज थापा मगर (सूर्योदय प्रा.वि., ...) १७) प्रा.शि. सुश्री तृप्ता मगर (ज्ञानोदय मा. वि., धरान) १८) प्रा. शि. श्रीमती सरस्वती आले मगर (बालमन्दिर प्रा. वि., इनरूवा) १९) प्रा. शि. सुश्री सर्जु थापा मगर (सुस्त मनस्थिति प्रा. वि. धरान-१२) २०) शि. सुश्री संगीता थापा मगर (पृथ्वी क्याम्ब्रीज इङलीस बोर्डिङ्ग ...)।

## निजामती सेवा तथा संस्थान तर्फको कर्मचारीहरू :-

२१) इन्जीनीयर धनबहादुर थापा मगर (नेपाल दुरसंचार संस्थान इटहरी) २२) ना. सु. होमबहादुर राना मगर (भूमिसुधार कार्यालय इनरूवा) ... खजान्ची कर्णबहादुर थापा मगर (नेपाल बैंक लिमिटेड धरान) २४) प्रा. वि. नि. बिष्णु थापा मगर (जिल्ला शिक्षा शाखा कार्यालय इनरूवा) २५) खरिदार आलोक थापा मगर (जिल्ला बिकास समिति इनरूवा) २६) खरिदार दिपक थापा मगर (जनस्वास्थ कार्यालय इनरूवा) २७) खरिदार बलबहादुर थापा मगर (अन्तशुल्क कार्यालय, इनरूवा) २८) खरिदार तुफान आले मगर (जिल्ला हुलाक कार्यालय, इनरूवा) २९) बहिदार रणबहादुर आले मगर (मंसार कार्यालय, लौकही) ३०) बहिदार शुशील आले मगर (धरान नगरपालिका)

३१) सचिव रूद्रबहादुर आले मगर (जिल्ला बिकास समिति, इनरूवा) ३२) सब हेल्थ एसिस्टेन्ट दुर्गा आले मगर (वि पि. मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपाक्याम्प, धरान) ३३) परिचारिका गंगा थापा मगर (वि. पि. मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपाक्याम्प) ३४) परिचारिका सानु राना मगर (वि.पि. मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपाक्याम्प) ३५) मुखिया कमल आले मगर (जिल्ला विकास समिति) ३६) मुखिया श्रीमती सुशीला आले मगर (धरान नगरपालिका) ३७) मुखिया पर्शुराम राना मगर (जनस्वास्थ्य कार्यालय, इनरूवा) ३८) मुखिया प्रेम थापा मगर (धरान नगर पालिका) ३९) ड्राइभर प्रदिप थापा मगर (जनस्वास्थ्य कार्यालय, इनरूवा) ४०) ल्याब बोई स्टोर किपर ध्रुव आले मगर (पूर्वाञ्चल इन्जिनियरिङ् ईन्स्टिच्यूट क्याम्पस धरान) ४१. ल्याब बोई स्टोर किपर प्रकाश थापा मगर (पूर्वाञ्चल इन्जिनियरिङ्ग ईन्स्टिच्यूट क्याम्पस, धरान) ४२) पियन तारा आले मगर (धरान नगरपालिका, नर्सरी) ४३) पियन महेश थापा मगर (राष्ट्रिय वाणिज्य बैङ्क, इनरूवा) ४४) पियन सुश्री सुमी राना मगर (वालमन्दिर, इनरूवा) ४५) पियन प्रताप राना मगर (वालमन्दिर, इनरूवा) ४६) पियन बलबहादुर मगर (खानेपानी शाखा, इनरूवा) ४७) पियन मनोहर थापा मगर (वनकार्यालय, इनरूवा) ४८) पियन सुनिल थापा मगर (धरान नगरपालिका) ४९) पियन रत्नकुमारी थापा मगर (धरान नगरपालिका) ५०) पियन राजेश थापा मगर (धरान नगरपालिका)

## प्रोजेक्ट तर्फ :-

५१) फिल्ड म्यानेजर खड्ग राना मगर (लुथरान एसोसिएसन)
५२) फिल्ड म्यानेजर सैलेस राना मगर (लुथरान एसोसिएसन)
५३) मेकानिक फिट्टर देवेन्द्र थापा मगर (ERRM Project)
५४) मेकानिक सुपरभाइजर यम आले मगर (ERRM Project)

## खेलकूद तर्फ :-

५५) फुटबल प्रशिक्षक मानबहादुर थापा मगर (रा.खे.प.)
५६) कराते प्रशिक्षक हेम पुन मगर (रा.खे. प.) ५७) कराते प्रशिक्षक होम राना मगर (इनरूवा)

## राष्ट्रियस्तरका खेलाडीहरू :-

खेलकुदमा सितोरीयो करातेमा ब्ल्याकबेल्ट होम राना मगरले हासील गर्नू भएको छ। त्यस्तै हिमाल थापा मगर, गोपाल आले मगर, मनोज थापा मगर, शशि थापा मगर राष्ट्रिय स्तरका फुटवल खेलाडीहरू छन् भने राजेश थापा मगर, बेस्वबहादुर थापा मगर जिल्ला स्तरिय खेलाडीहरू हुन्।

### महिला समाजका अग्रणी चेली :-



व्यापार व्यवसाय गरी देश-विदेश घुम्ने सवैसंग Free and Frank भएर बोल्ने सौख भएकी बताउनु हुने, हँसिलो, रसिलो बोली मृदुभाषी स्वभाव भएकी महिला समाज सेविकाकी अग्रणी चेलीको नाम हो- श्रीमती माला देवान (थापा) मगर।

२०३२ सालदेखि कोशी अन्चल अस्पतालमा नर्समा रहँदाखेरि गरीव दीनदुःखीहरूको सेवामा सेवारत र दिन प्रतिदिन महिला रोगीहरूको दयनीय स्थिती बोझबाट असहाय महिलाहरूसंग बढ्दो सम्पर्कलेगर्दा १४ बर्षसम्म रोगीहरूको सेवा गरी २०४६ सालमा स्वेच्छाले राजिनामा दिनु भए पश्चात उद्योग व्यवसायका साथ महिला मुक्तिको निमित्त अग्रसर नेतृत्वदायी संघर्षशील नारी हुनुहुन्छ। आदिवासी जनजातिहरूको चेली हुन् भन्नु कुनै अस्वाभाविक नहोला।

२०११ साल बैशाख १८ गते तत्काल भोजपुर वोपुङ्-२ हाल खोटाङ् जिल्लामा बुबा लालबहादुर देवान, आमा कमलकुमारी देवानको कोखबाट वहाँको जन्म भएको थियो। भोजपुर हाइ स्कूलमा नौ कक्षासम्म अध्ययन गर्नु भएपनि शिक्षा निकेतन मा.वि. धरानबाट २०२९ सालमा एस.एल.सि. गर्नु भएको थियो। हाल इटहरी-८ मा श्रीमान, दुइछोरा, एकछोरीकोसाथ स्थायी वसोवास गर्दै आउनु भएको छ। ❋

## उद्योग व्यवसायमा :-

सुनसरी जिल्लामा केही मगरहरू उद्योग ब्यवसायमा पनि लागेको पाइन्छ। (डाईस्टफ एण्ड केमीकल कन्सल्टेन्ट) धनसिं राना मगरको सुझाव अनुरूप चक्रबहादुर थापा मगरले माला केमीकल्स् उद्योग संचालन गर्नुभएको छ। २०४८ साल मंसिर महिनामा स्थापना गर्नु भएपश्चात हालसम्म मुनाफामा संचालन गर्नुभएको छ। उद्योगबाट फिनेल, टोइलेट क्लीनर, लिक्विड सोप, कपडाको नील, मसी, गम, स्टाम्पीङ मसि, इत्यादि उत्पादन गरी पूर्व मेचीदेखि लिएर पश्चिम माहाकालीसम्म ब्यापार फैलिएकोछ। २०४८ सालमा राजु थापा मगरले कोशी बेतबाँस उधोग स्थापना गरी हालसम्म सञ्चालन गरिरहेका छन् भने डि.बि.ग्रील उद्योग र लालुपाते निर्माण सेवा दिलीप राना मगरले सञ्चालन गर्नुभएको छ। लामिछाने निर्माण सेवा ठे. यमबहादुर थापा मगरले सञ्चालन गरिरहनु भएको छ। बिजय थापा मगरले "धरान चश्मा घर पशल" व्यवसाय गर्नुभएकोछ। होटल व्यवसाय सानु रेष्टुरेन्ट होटल पनि रहेको छ। अन्य होटलहरू पनि रहेका छन्। उड प्रीजेरेटीभ संम्बन्धि केमीकल्स उद्योग धनसिं राना मगरको सुझाव र सल्लाह बमोजिम मिनबहादुर मेगाले मगरले स्थापना गरी संचालन गर्ने तरखरमा हुनुहुन्छ।

## रहनसहन सामाजिक जागरण :-

यस जिल्लामा मगरहरूको बसोबास प्रायशः सबै ठाँउहरूमा रहेको पाइन्छ। अन्य जातिहरूको तुलनामा २५% ([illegible]) मगरहरूको संख्या छ। मगर थरहरूमा आले, राना, थापा, लुङ्गेली, स्वपाङ्गगी, मगरात, पुलामी पीठाकोटे, दर्लामी, सिंजाली, घले, [illegible]ङ, क्यापछाकी, समाल, जर्गा, गुरूमछान, कालीकोटे, लामीछाने, बुर्जा, लुम्रे, तोरोछाक्की, गाहा, रम्माली थरहरू छन्। पुरुष [illegible]काहरूले भोटो, कछाड लाउँछन्। शहरीया बस्तीका मगरहरूले बिदेशी पोशाक लाउँछन। मधेशतिरका मगर पुरुषहरूले धोती, [illegible]न, पाइजामा लगाउँछन्। महिलाहरूले गुन्यू, चोलो नै लगाउँछन् भने गरगहनामा ढुंग्री, बुलाकी, मडुवारी, नौगेडी जन्तर इत्यादि लाउँछन्। बाहुन पुरेतद्वारा आफ्नो कर्मकाण्ड बिवाह पूजाआजा गर्ने मगरहरू आजभोली नेपाल मगर संघको सकृयतामा कर्मकाण्ड, पूजा, वि[illegible] बिधि भान्जा चेलाबाट गर्दछन्। सुनसरी जिल्लामा मगर संघ एकरूपताकोसाथ अगाडि बढिरहेको छ। २०४९ सालमा पहिलो अधिवेशन धरान सैनिक भवनमा सम्पन्न भएको थियो। हाल सुनसरी जिल्ला कार्यसमितिको पदाधिकारिहरू निम्न अनुसार रहेका छन्:- अध्यक्षः-टिकाराम थापा मगर (धरान-१९) उपाध्यक्षः-चक्रबहादुर थापा मगर (इटहरी-८) कोषाध्यक्षः-कमल राना मगर (धरान-८) सचिव:- यम थापा मगर (धरान-८) सह-सचिवः-सन्तोष राना मगर (धरान-१०) सदस्यहरूमा :- खेजीन थापा मगर (प्रकाशपुर-९) नरबहादुर थापा मगर (महेन्द्रनगर) सुनिल थापा मगर (धरान-१५) गंगाबहादुर थापा मगर (चतरा) शरण थापा मगर (धरान-१३) श्रीमती इन्दु आले मगर (धरान-१४) लिलाबहादुर आले मगर (धरान-१४) राजु थापा मगर (धरान-११) यमबहादुर मगराती मगर (धरान-११) गोबिन्द

2015 01 02

थापा मगर (धरान-१०) डिकबहादुर थापा मगर (इनरुवा-७) देवेन्द्र थापा मगर (इनरुवा-१७) मयुर राना मगर (पत्रडबारी) सुसिल थापा मगर (धरान-१९) सल्लाहकार समितिमा :- इन्द्रबहादुर थापा मगर (धरान-१३) बिरबहादुर थापा मगर (धरान-१७) पुर्णबहादुर थापा मगर (धरान-११) बलबहादुर राना मगर (धरान-१०) दिपक थापा मगर (धरान-१६) एकबहादुर गाहा मगर (धरान-८) दिलबहादुर आले मगर (धरान-८) बिष्णु थापा मगर (इनरुवा-७) गोपाल आले मगर (इनरुवा-७)

## सांस्कृतिक र आर्थिक श्रोतको एउटा बिकल्प :-

प्रत्येक बर्ष देउसीभैलोबाट उठाएको रकमले गरीब मगरहरूको घरमा मराउ-पराउ भएको बखत काजक्रीया गरिदि-छन्। कहीं कतैबाट मगरहरू बिर्सँची भएर आएको बेला स्वाँचो टारीदिने कार्य गरिदि-छन्। असहायहरू बिरामी परी अस्पतालमा रहँदा औषधीहरू किनिदिने गर्दछन्। चाडपर्वहरू देउसीभैलो, तिहार, माघेसंक्रान्ति, मंसिरेपूर्णे आदि माउनेसंक्रान्ति, मसिरेपूर्णे आदि मनाउँदछन्। त्यसरी नै प्रत्येक बर्ष मगर दिवस मनाउने गर्दछन्। २०४९ सालमा घोपाकयाम्प क्षेत्रिय अस्पतालमा मगरदिवसको उपलक्ष्यमा सर्जिकल वार्डमा बिरामीहरूलाई फलफुल बितरण कार्य गरिएको थियो भने २०५० सालमा इनरुवा अस्पतालमा पनि बिरामीहरूलाई



फलफुल बितरण गरिसकेको छ। त्यस्तै नेपाल मगर संघ सुनसरी जिल्ला कार्यसमिति र इनरुवा मगर टोल वासीहरूको सक्रियतामा पूर्वाञ्चल मगर मिलन समारोह सम्पन्न भएको थियो। स्थानीय रूपमा धरान नगरसमिति र लाडघाली कल्याण कोषको गठन पनि गरिएको छ। २०५१ साल बैसाख ४ गते इटहरी-२ शान्तिनगर स्थित नेपाल मगर संघ गाउँ स्तरीय कार्यसमिति भक्तबहादुर आले मगरको संयोजकत्वमा गठन भएको थियो भने पुनः ०५१ साल श्रावण ८ गतेको दिन दलबहादुर मगरको अध्यक्षतामा पुनरगठन भएको छ। उक्त इकाई समितिको नव कार्यसमितिमा निम्न पदाधिकारीहरू रहनुभएको छ:-अध्यक्षः- कर्णबहादुर दिलबहादुर लुम्रे मगर, उपाध्यक्षः- प्रेमबहादुर घागा क्याफछाकी मगर कोषाध्यक्षः- प्रेमबहादुर घागा मगर, सचिवः- प्रेमकुमार रंमाली मगर, सह-सचिवः- शशी थापा मगर सदस्यहरूमा :- डम्बरबहादुर मगराँती मगर, मकरबहादुर घागा मगर मेस्वबहादुर घागा मगर कुमार पुलामी मगर ईश्वरमान बुर्जा मगर राम कुमार बुर्जा मगर, भक्तबहादुर मगराँती मगर,कुलबहादुर मिरीचौड मगर, सल्लाहकारमाः-सनमान बुर्जा मगर, अडिकबहादुर मगराती मगर, केशरबहादुर आले मगर, सनमान क्याफछाकी मगर, दलबहादुर लाहयो मगर, कृष्ण आलेमगार रहनुभएको छ। त्यस्तै गरी नेपाल मगर संघको झण्डामुनी गोलाबद्ध भई सामाजिक बिकास, भाषा संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले २०५१ साल असोज १ गते नेपाल मगर संघ जिल्ला कार्यसमितिका सदस्य डिकबहादुर थापा मगरको समुपस्थितिमा नेपाल मगर संघ नगर कार्यसमिति इनरुवा होमबहादुर राना मगरको अध्यक्षतामा ११ सदस्यहरूको गठन गरिएको थियो। नव नगर

## समग्र मगर समाजको अजहस्ती

### -: व्यक्तित्व करणसिं मगर :-

सुनसरी जिल्लाको पूर्व पश्चिम राजमार्ग छेउ आजसम्म मगरटोलको नाउँले प्रख्यात छ। यो ठाउँ बस्ती हुनुभन्दा अगाडि चारकोशे झाडि रहेको थियो। त्यतिस्खेरको औलोको महामारीमा एक्लोदोक्लो आएर मृत्युसंग जुध्न कसैको हिम्मत थिएन। श्री ३ भीमशमशेरको पालामा मौजाको झोडा फडानी हुकुमी भएपछि फाइन झर्नेक्रममा पाँचकन्या पानमारा अन्य पूर्वी पहाडी क्षेत्रका सोह्रघर मगर परिवार बि.सं. १९८७/८८ मा इनरुवा आई जङ्गल फडानी गरी बसोबास गर्न शुरु गरेपछि आज मगरैमगरको एक बस्ती आज मगर टोलको नामले प्रख्यात छ। त्यहीं मगरटोलसंगसंगै अजहस्ती व्यक्तित्व स्व. करणसिं मगर को नाम अग्र पंतिमा रहन जान्छ।

सुनसरी जिल्लाको चर्चा, लेख्न लेख्नु पर्दा समाजसेवी, राजनीतिज्ञ, साहित्यकार बहुप्रतिभाशाली व्यक्तित्व करणसिं मगरको नाम लेख्नु पर्ने हुन्छ। २०१४ सालमा गुल्मी भार्सेमा सम्पन्न मगर मेलामा वहाँले पूर्वाञ्चल मगरहरूको प्रतिनिधित्व गर्नुभएको थियो। २०१६ सालतिर जागिरे भई त्यहीं १५ वर्षसम्म प्रधानपञ्च र गाउँफर्कको कोशी अञ्चल अध्यक्ष समेत भइसक्नु भएको थियो। साहित्यमा गीत, कथा, खण्ड-काव्य, कविता र उपन्यास पनि लेख्नु भएको थियो। २०३९ सालमा वहाँको मृत्यु पस्चात मोहन बिरहीले २०४१ सालमा "करणसिंका केही अभिव्यक्ति" नामक सोह्रवटा कविताको संग्रह प्रकाशित गरिदिनु भएको थियो भने त्यस्तै शशिप्रसाद वजगाईले "साहित्यक सौगात" नामक पत्रिकामा २०४१ सालको एउटा अङ्कलाई "करणसिं स्मृती अङ्क"को रूपमा प्रकाशित गरिएको थियो। त्यतिबेला वहाँलाई पूर्वाञ्चल देवकोटा भनेर सम्मान गरिएको थियो।

गरिएको छ। सोही बेलामा विष्णु थापा मगरको संयोजकत्वमा मगर गुठी विधान तर्जुमा समिति पनि गठन गरिएको थियो। नव नगर कार्यसमितिमा निम्न पदाधिकारीहरू रहनु भएको छ:- अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, सह-सचिव क्रमशः होमबहादुर राना मगर, बेस्बबहादुर थापा मगर, उमेश आले मगर, मनोज थापा मगर, सुश्री पुनम आले मगर रहनु भएको छ भने सदस्यहरूमा तिलकबहादुर थापा मगर, राजेश थापा मगर, थापा मगर, महेश थापा मगर, सुश्री सुमी राना मगर र रोशन थापा मगर हुनुहुन्छ भने सल्लाहकार समितिमा हिमाल मुंकइजय मगर, बलराम पुलामी मगर, बमबहादुर पुर्वछामे मगर, प्रदिप थापा मगर, प्रकाश आले मगर, रुद्रबहादुर आले मगर छन्। मगर गुठी विधान तर्जुमा समितिमा विष्णु थापा मगर, सदस्यद्वयमा गोपाल आले मगर, हिमाल मुंकइजय रहेका छन्।

## राजनैतिक चेतना :-

सुनसरी जिल्लामा मगरहरू राजनैतिक तर्फ उन्मुख नै छन्। यस जिल्लाको मगर समुदायमा राजनैतिक अग्रसर, अगुवा व्यक्तिको नाम स्व. करणसिं मगरको नाम अगाडि आउँदछ। २०१६ सालतिर जागिरे छँदाछँदै पञ्चायती व्यवस्थाको पादुर्भाव भएपछि १५ बर्षसम्म इनरुवाको प्रधानपञ्च हुनुभएको थियो। "गाउँ फर्क" अभियानताका कोशी अंचल अध्यक्ष रहनु भएको थियो। २०४७ सालमा प्रजातन्त्रको उदयपछि बिभिन्न राजनैतिक पार्टीबाट २०४८ सालको आमनिर्वाचनमा प्रतिनिधी सभामा मगरहरूको प्रतिनिधित्व हुन सकेन। २०४९ सालमा भएको स्थानीय निर्वाचनमा बिभिन्न पार्टीबाट निर्वाचित मगरहरू निम्नानुसार हुनुहुन्छ:- १) टेकबहादुर मगराती क्षेत्रिय सदस्य इलाका नं. ५, एमाले २) गंगाबहादुर राना मगर गाबिस अध्यक्ष बाराहक्षेत्र, एमाले ३) यमबहादुर राना मगर गाबिस उपाध्यक्ष पंचकन्या, एमाले [सौजन्य होमबहादुर राना मगरबाट]

2015 01 02

raahaa, year 1, nmbr 2, aswin/Chaitra, 2051